वर्ष १ अंक १ २०६७ कार्तिक

शीतलनिवास

राष्ट्रपतिको कार्यालयको चौमासिक बुलेटिन

प्रकाशक
शीतलनिवास, महाराजगञ्ज,
काठमाडौं, नेपाल

सम्पादकीय

वि.सं. २०६२/०६३ को जनआन्दोलन र त्यसपछि विकसित विभिन्न राजनीतिक घटनाक्रमले आधुनिक नेपालको इतिहासमा महत्वपूर्ण स्थान राखेको छ। अन्तरिम संविधानको घोषणा, संविधान सभाको निर्वाचन हुँदै वर्षौंदेखिको एकात्मक, राजतन्त्रात्मक राज्यव्यवस्थालाई परिवर्तन गर्दै नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा संवैधानिक र व्यवहारिक रूपमा समेत स्थापित भईसकेको छ। यही संवैधानिक व्यवस्था अनुरूप नेपाल राष्ट्रको राष्ट्रप्रमुखको रूपमा राष्ट्रपतिको व्यवस्था भई आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको अवस्था विद्यमान छ। राष्ट्रप्रमुखको गरिमामय पदमा सम्माननीय डा. रामवरण यादव निर्वाचित भएर आइसक्नु भएपछि उहाँले सम्पादन गर्नुपर्ने विभिन्न क्रियाकलापलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले राष्ट्रपतिको कार्यालयको रूपमा एक कार्यकारी संगठनको व्यवस्था गरेको हो।

नेपालमा पहिलोपल्ट राष्ट्रप्रमुखको रूपमा राष्ट्रपतिको व्यवस्था भएको हो। राष्ट्रपति कार्यालयको आन्तरिक कार्यसंचालन तथा व्यवस्थापनका विधिहरू सबै नै नयाँ शुरुवात गर्नुपर्ने थियो। प्रथम पटक स्थापित हुने कार्यालयको कार्यालय कार्यविधि तथा संस्कार र संस्कृतिहरू नै आगामी दिनको लागि महत्वपूर्ण कार्यसंचालन पद्धति हुने हुँदा प्रारम्भिक अवस्थामा यस कार्यालयको सुव्यवस्थित संचालन गर्नु अत्यन्त चुनौतीपुर्ण रहेको कुरामा शायद विमति होला। अतः स्वच्छताका साथ राष्ट्रप्रमुखको गरिमा र साखलाई संवैधानिक तथा व्यवहारिक रूपमा समेत अक्षुण्ण राख्न यस कार्यालयले विभिन्न महाशाखा तथा शाखाहरू मार्फत् आफ्नो जिम्मेवारी कार्य कुशलतापूर्वक सम्पादन गर्दै आइरहेको छ।

सम्माननीय राष्ट्रपतिज्यूको प्रेरणा एवं आधुनिक कार्यालय संचालनको मार्गदर्शक सिद्धान्तमा आधारित भएर नै यस कार्यालयले हालसम्म सम्पादित कार्यहरू र सम्माननीय राष्ट्रपतिज्यूबाट सम्पादन हुने कार्यहरूमा गरेको सहयोगी र सहजकर्ताको भूमिका समेतलाई प्रकाशमा ल्याउन अवदेखि निरन्तर रूपमा एक बुलेटिन समेत प्रकाशन गर्न शुरुवात गरिएको हो। बुलेटिन प्रकाशनमा सल्लाहकार समूहका सदस्यहरूको मार्गदर्शन एवं उच्च अधिकृतहरू र समस्त कार्यालय परिवारको अथक परिश्रमबाट निस्केको यो बुलेटिनले राष्ट्रपतिको कार्यालय र यससँग सरोकार राख्ने सबै महानुभाव एवं संघ संस्था र निकायलाई यथोचित सूचना प्रवाह गर्ने अपेक्षा सहित यो बुलेटिन प्रकाशनमा ल्याइएको हो। प्रकाशनसम्म आइपुग्दा विभिन्न व्यक्ति तथा निकायबाट प्राप्त सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं। प्रथम पटक प्रकाशित हुँदै गरेको यस बुलेटिनमा प्रशस्त सुधारका सम्भावनाहरू होलान्। आगामी दिनमा पाठकवर्गबाट प्राप्त हुने सुझाव र सल्लाहलाई मध्यनजर गरी सुधार गर्न यस बुलेटिन सम्पादन समूहको तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछौं।

बुलेटिन सम्पादन समूह

संयोजक : श्री मणिराम ओझा, सहसचिव
सदस्य : श्री चक्र पाणी पाण्डे, उपसचिव
सदस्य : श्री नारायणप्रसाद शर्मा दुवाडी, उपसचिव
सदस्य : श्री गणेश आचार्य, शाखा अधिकृत
सदस्य सचिव : श्री दशरथ राई, शाखा अधिकृत

कम्प्यूटर तथा फोटो

श्री हरि प्रसाद भुषाल, कम्प्यूटर अपरेटर
श्री सबिन सिंह चौधरी, कम्प्यूटर अपरेटर
श्री किरण पन्थ, फोटोग्राफर
श्री नारायण महर्जन, खरिदार
श्री खडानन्द पौडेल, सहायक कम्प्यूटर अपरेटर

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति सम्माननीय
डा.रामवरण यादवज्यूको
संक्षिप्त जीवनी

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको जन्म धनुषा जिल्लाको सपही- ९ मा वि.सं. २००४ साल माघ २२ गते बुधबार (इ.सं. ४ फरवरी १९४८) बाबु श्री थानी यादव र आमा श्री रामरती यादवका छैठौं सन्तानको रूपमा भएको हो। एउटा किसान परिवारको सदस्यका नाताले खेती र पशुपालनको व्यावहारिक अनुभव हासिल गर्दै उहाँले स्थानीय सरस्वती हाइस्कूलबाट वि.सं. २०२० सालमा एस.एल.सी. उत्तीर्ण गर्नुभयो। त्यसपछि उच्च शिक्षाको अध्ययन अघि बढाउन उहाँ काठमाडौं आएर अमृत साइन्स कलेजमा भर्ना हुनुभयो। त्रिचन्द्र कलेजमा बी.एस्सी. पढ्दापढ्दै उहाँ भारतको कोलकातास्थित कलकत्ता मेडिकल कलेजमा एम.बी.बी.एस. अध्ययनका लागि छानिनु भयो। एम.बी.बी.एस. उत्तीर्ण गरेपछि कलकत्ता मेडिकल कलेजमै उहाँलाई 'इण्टर्नसीप' र दुई वर्षसम्म 'हाउसमेन' सीप मा रहेर काम गर्ने अवसर प्राप्त भयो। यही अवधिमा उहाँले 'डिप्लोमा इन क्लिनिकल प्याथोलोजी' को पढाइ पनि पूरा गर्नुभयो।

कोलकाताको अध्ययन पूरा गरी वि.सं. २०३६ सालमा स्वदेश फर्केर उहाँ जनकपुरमा आफ्नै क्लिनिक स्थापना गरी चिकित्सा अभ्यासमा लाग्नुभयो। वि.सं. २०३८ मा आवासीय-चिकित्सकका रूपमा उहाँ वीपी कोइरालाको उपचारमा संलग्न हुनुहुन्थ्यो। उहाँले भारतको चण्डीगढस्थित पोष्ट ग्रेजुएट इन्स्टिच्युट अफ मेडिकल एण्ड एजुकेसन रिसर्च *(PGIMER)* बाट वि.सं. २०४२ सालमा एम.डी. उपाधि प्राप्त गर्नुभयो।

चिकित्सा विज्ञानको उच्च अध्ययन सम्पन्न गरी जनकपुर फर्किएपछि उहाँले बिरामीको उपचार र नेपाली कांग्रेसको राजनीतिलाई सँगसँगै अगाडि बढाउनुभयो। कोलकातामा चिकित्साशास्त्रको विद्यार्थी रहँदादेखि नै नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता रहनुभएका डा. यादव पछि गएर पार्टीको महामन्त्रीसम्म हुनुभयो।

वि.सं. २०४८ सालको आम निर्वाचनमा धनुषा-५ बाट विजयी डा. यादव तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वको मन्त्रीमण्डलमा स्वास्थ्य राज्यमन्त्री नियुक्त गरिनुभयो। वि.सं.२०५६ सालको संसदीय निर्वाचनपश्चात् गठित मन्त्री परिषद्मा उहाँ स्वास्थ्य मन्त्री बनाइनुभयो। वि.सं.२०६४ सालको संविधान सभाको निर्वाचनमा उहाँ धनुषा क्षेत्र नं. ५ बाट संविधानसभा सदस्य निर्वाचित हुनुभयो। वि.सं. २०६५ साल श्रावण ६ गते संविधानसभामा भएको मतदानमा ५९४ मध्ये ३०८ मत प्राप्त गरी उहाँ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम राष्ट्रपति निर्वाचित हुनुभयो। सम्माननीय राष्ट्रपतिज्यूले वि.सं.२०६५ साल श्रावण ८ गते सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीसमक्ष पद तथा गोपनीयताको शपथ लिई सोही मितिबाट नेपालका राष्ट्रप्रमुखको कार्यभार सम्हाल्नु भयो। आम जनताको छोराका रूपमा देशको सर्वोच्च पदमा पुग्ने उहाँ प्रथम नेपाली हुनुहुन्छ।

सम्माननीय राष्ट्रपति डा. यादवको विवाह वि.सं. २०१९ सालमा जिलेखादेवी यादवसँग भएको थियो। उहाँहरूका दुई छोरा श्री चन्द्रमोहन यादव तथा श्री चन्द्रशेखर यादव र एक छोरी सुश्री अनिता यादव हुनुहुन्छ। उहाँकी धर्मपत्नी जिलेखादेवीको वि.सं. २०३८ साल चैतमा निधन भएको थियो। * * *

राष्ट्रपतिको कार्यालयको संक्षिप्त परिचय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६क. मा नेपालमा एक जना राष्ट्रपति रहने संवैधानिक व्यवस्था रहेकोले सोहीअनुसार "राष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टै कार्यालय रहने छ" भन्ने व्यवस्था भएकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५/३/३० को निर्णयले तत्कालिन परराष्ट्र मन्त्रालय रहेको शीतलनिवास भवनमा राष्ट्रपतिको कार्यालय रहने व्यवस्था गरियो। संविधानको धारा ३६ख. बमोजिम व्यवस्थापिका–संसदबाट निर्वाचित भई सम्वत् २०६५ साल श्रावण ८ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरी सोही मितिबाट औपचारिक रूपमा कार्य प्रारम्भ भयो। सोही दिनदेखि औपचारिक रूपमा यस कार्यालयको स्थापना र कार्य सञ्चालन प्रारम्भ भएको हो। शुरुका दिनहरूमा परराष्ट्र मन्त्रालय यस भवनबाट पूर्ण रूपमा स्थानान्तरण नभएकोले २०६५ श्रावणदेखि २०६६ वैशाख १३ सम्म ७ वटा कोठाहरूबाट कार्यालयको काम सञ्चालन गरिएको थियो। २०६६ वैशाख १४ गतेदेखि सम्माननीय राष्ट्रपतिज्यूको निवास समेत यसै भवनमा रहने व्यवस्था गरी यस भवन परिसरलाई राष्ट्रपतिको कार्यालयले उपयोग गर्दै आएको छ।

राष्ट्रपतिको कार्यालयको दरबन्दी तथा जनशक्ति व्यवस्थापन:

क) राष्ट्रपतिको कार्यालयको समग्र जनशक्ति विवरण यस प्रकार रहेको छ ।

निजामती तर्फ	६८ जना
नेपाली सेना तर्फ	२७५ जना
नेपाल प्रहरी तर्फ	७ जना
राष्ट्रिय अनुसन्धान तर्फ	१५ जना
सम्माननीय राष्ट्रपतिज्यूको स्वकीय सचिवालय र सल्लाहकार समेत	२५ जना
नेपाल प्रहरी पहरा गण तर्फ	१५ जना
जम्मा	**४०५ जना**

ख) राष्ट्रपतिको कार्यालय निजामती तर्फको दरबन्दी विवरण यस प्रकार रहेको छ ।

सि.नं.	पद र श्रेणी	दरबन्दी	पदपूर्ति		
			दरबन्दीमा	काज	सेवा करार
१	सचिव (रा.प. विशिष्ट श्रेणी)	१	१		
२	सह-सचिव (रा.प. प्रथम श्रेणी)	५	३		
३	उप-सचिव (रा.प. द्वितीय श्रेणी)	६	५	२	
४	शा.अ. (रा.प. तृतीय श्रेणी)	६	४	२	
५	ना.सु. वा सो सरह विशेष २ सहित (रा.प.अनं. प्रथम श्रेणी)	१२	१०		
६	खरिदार वा सो सरह (रा.प.अनं. द्वितीय श्रेणी)	९	७	७	
७	टेलिफोन अपरेटर (सेवा करार)	१			१*
८	प्लम्बर (सेवा करार)	१			१*
९	हलुका सवारी चालक (२ सेवा करार सहित)	१७	३		९
१०	कार्यालय सहयोगी	१०			७
	जम्मा	६८	३३	११	१८

नोटः * सेवा करारमा मात्र सकिने पद ।

ग) राष्ट्रपतिको कार्यालयमा कार्यरत अन्य निकायका जनशक्तिको विवरण ।

सि.नं.	निकायको नाम	दरबन्दी	पदपूर्ति
१	सल्लाहकारहरू	४	३
२	नेपाली सेना	२७५	१९६
३	नेपाल प्रहरी	७	५
४	राष्ट्रिय अनुसन्धान	१५	१२
५	स्वकीय सचिवालय (५ जना सल्लाहकार समेत)	२५	२१
६	नेपाल प्रहरी पहरा गण	१५	११

समाचार खण्ड

छैठौं नेपाल भौगर्भिक कांग्रेसको समुद्घाटन

मिति २०६७ कार्तिक २९ गते काठमाडौंमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपाल भौगर्भिक समाजले आयोजना गरेको छैठौ नेपाल भौगर्भिक कांग्रेसको समुद्घाटन गर्नुभयो । सो अवसरमा राष्ट्रपतिज्यूबाट नवमनोनित ३ जना मानार्थ सदस्यहरू डा. जी. फक्स, अष्ट्रेलिया, डा. के अरिता, जापान र श्री भुमरमल तातेड, नेपाललाई मानार्थ सदस्यताको प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो । राष्ट्रपतिज्यूले सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो साथै विदेशी प्रतिनिधिको तर्फबाटका प्रा. डा. पौल टप्पोनियर र श्री जि .फुक्सले पनि आ आफ्नो मन्तव्य राख्नुभएको थियो ।

विश्व मधुमेह दिवस कार्यक्रमको समुद्घाटन

मिति २०६७ साल कार्तिक २८ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले काठमाडौंमा विश्व मधुमेह दिवस, २०१० को अवसरमा आयोजित कार्यक्रमको समुद्घाटन गर्नुभयो ।

अन्तर्राष्ट्रिय सम्मेलनको समुद्घाटन

मिति २०६७ कार्तिक २७ गते, द नेटवर्क टुवार्डस् युनिटि फर हेल्थ, बेल्जियम तथा वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको संयुक्त आयोजना एवं काठमाडौं विश्वविद्यालय, स्कूल अफ मेडिकल साइन्सेस, धुलिखेलको सहयोगमा काठमाडौंमा आयोजना गरिएको International Conference of the Network: Towards Unity for Health, 2010 को सम्माननीय राष्ट्रपतिले समुद्घाटन गर्नुभयो ।

मुटु रोगसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको समुद्घाटन

मिति २०६७ कात्तिक २६ गते, कार्डियक सोसाइटी नेपालले काठमाडौंमा आयोजना गरेको Conquering Heart Disease in the Himalayan Region विषयक अन्तर्राष्ट्रिय सम्मेलनको सम्माननीय राष्ट्रपतिले समुद्घाटन गर्नुभयो । सो अवसरमा वहाँले Nepalese Heart Journal को विमोचन समेत गर्नुभएको थियो । सम्मेलनलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिज्यूले मुटुरोगको उपचार खर्चिलो र जटिल हुने तर रोकथाम सस्तो र सजिलो हुने हुँदा हामीले मुटुरोगको रोकथामसम्बन्धी कार्यक्रममा बढी जोड दिनुपर्ने कुरा बताउनुभएको थियो । कार्डियाक सोसाइटी नेपालका अध्यक्ष डा.अवानी बी. उपाध्यायले कार्यक्रममा स्वागत गर्दै कार्यक्रमबारे संक्षिप्त जानकारी दिनुभएको थियो ।

विद्यार्थीहरूसँग भेटघाट तथा अन्तरक्रिया

मिति २०६७ कार्तिक १८ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा करुणानिधि एजुकेशन फाउण्डेसन उच्च मा.वि., पोखराका विद्यार्थीहरूसँग भेटघाट तथा अन्तरक्रिया गर्नुभयो । भेटका अवसरमा विद्यार्थीहरूले निर्मित पोखराको दीर्घकालीन विकास योजनाको प्रस्ताव पुस्तिका सम्माननीय राष्ट्रपतिलाई हस्तान्तरण गरेका थिए भने सम्माननीय राष्ट्रपति समक्ष विद्यार्थीहरूबाट आआफ्ना जिज्ञासाहरू प्रस्तुत गरिएको थियो । सम्माननीय राष्ट्रपतिको बाल्यकाल, बालअधिकार र कर्तव्य, शैक्षिक गुणस्तर, प्रतिभा पलायन सम्बन्धी विद्यार्थीहरूले राखेका जिज्ञासाहरूको बारेमा सम्माननीय राष्ट्रपतिले जवाफ दिनुभएको थियो । भेटघाट कार्यक्रममा ६० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

जनवादी गणतन्त्र चीनको मैत्रीपूर्ण भ्रमण

मिति २०६७ कात्तिक ९ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादव मित्रराष्ट्र जनवादी गणतन्त्र चीन सरकारको निमन्त्रणामा मैत्रीपूर्ण सद्भावना भ्रमणको सिलसिलामा चीनको ल्हासातर्फ प्रस्थान गर्नुभयो । उहाँलाई बिदाइ गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल, माननीय उपप्रधान तथा परराष्ट्र मन्त्री सुजाता कोइराला, माननीय रक्षा मन्त्री विद्यादेवी भण्डारी लगायत उच्च पदस्थ महानुभावहरूको उपस्थिति रहेको थियो । भ्रमणदलमा वहाँका साथ वहाँकी सुपुत्री अनिता यादव, पर्यटन तथा नागरिक उड्डयन मन्त्री शरतसिंह भण्डारी लगायत १७ जना महानुभावहरू सहभागी हुनुहुन्थ्यो । मित्रराष्ट्र चीनको भ्रमण सम्पन्न गरी वहाँ मिति २०६७ कात्तिक १५ गते स्वदेश फर्कनुभएको थियो ।

पुस्तक विमोचन

मिति २०६७ असोज २६ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा स्व.निरञ्जन भट्टराईद्वारा लिखित "Nepal and China, a Historical Perspective" नामक पुस्तकको विमोचन गर्नुभयो । विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै वहाँले नेपाल र चीनबीच रहिआएको ऐतिहासिक सम्वन्ध पछिल्लो कालखण्डमा मूलतः नेपालमा प्रजातन्त्रको उदय र चीनमा जनगणतन्त्र चीनको उदय पछि अझ फराकिलो, घनिष्ट र बहुआयामिक बन्दै गएको धारण व्यक्त गर्नुभयो ।

जगन्नाथ आचार्य स्मृति ग्रन्थको लोकार्पण

मिति २०६७ असोज २५ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा स्व. जगन्नाथ आचार्य स्मृति ग्रन्थको लोकार्पण गर्नुभयो । उक्त अवसरमा वहाँले ग्रन्थमा लेखिएका स्व. जगन्नाथ आचार्यका गौरवपूर्ण गाथाले स्वतन्त्रता र लोकतन्त्रप्रेमी नेपाली नागरिकहरूमा प्रेरणा भर्ने आशा व्यक्त गर्नुभएको थियो ।

आवासहरु हस्तान्तरण

मिति २०६७ असोज २२ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले लेखनाथ नगरपालिका, वेगनासताल, कास्कीमा Habitat for Humanity र लेखनाथ नगरपालिकाबीचको सहकार्यमा विभिन्न देशका स्वयंसेवक तथा समाजसेवीहरूले निर्माण गरेका चालीस आवास भवनहरूको साँचो ४० जना घरधनीहरूलाई हस्तान्तरण गर्नुभयो । हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै सम्मानीय राष्ट्रपतिले Habitat for Humanity Nepal र लेखनाथ नगरपालिका बीचको सहकार्यमा धेरै टाढाटाढाका मुलुकहरूबाट आई पसिना चुहाएर यो आवास योजना सफल पारिदिनु भएकोमा सम्पूर्ण स्वयंसेवकहरूलाई नेपाली जनता र सरकारको तर्फबाट हार्दिक धन्यवाद दिदै यसमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण संघ संस्था, नागरिक समाजका सदस्य, कर्मचारीवर्ग तथा नगरवासीहरूलाई समेत धन्यवाद ज्ञापन गर्नुभएको थियो । Habitat for Humanity एसिया प्यासिफिकका प्रमुख श्री पिटर गेपले कार्यक्रमबारे जानकारी गराउनुभएको थियो । राष्ट्रपतिज्यूले नवनिर्मित आवास क्षेत्रमा राखिएको शिलापत्रको अनावरण गरी आवास गृहहरूको अवलोकन समेत गर्नुभएको थियो। सो कार्यक्रम पश्चात् राष्ट्रपतिज्यूले पृथ्वीनारायण क्याम्पसको स्वर्णजयन्तीको अवसरमा निर्माण गरिएको स्वर्ण स्तम्भ अनावरण गर्न भिमकाली पाटन, पोखरा जानु भई सो स्तम्भको अनावरण गर्नुका साथै क्याम्पसमा अवस्थित अन्नपूर्ण प्राकृतिक संग्रहालय र पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयको अवलोकन समेत गर्नुभएको थियो ।

जनक उच्च मा. वि.को स्वर्ण महोत्सव समुद्घाटन

मिति २०६७ असोज २२ गते, राष्ट्रपति डा.रामवरण यादवज्यूले गैंडाकोट, नवलपरासीमा श्री जनक उच्च माध्यमिक विद्यालयको स्वर्ण महोत्सवको अवसरमा निर्मित स्वर्ण स्तम्भको अनावरण गरी स्वर्ण महोत्सवको समुदघाटन गर्नुभयो । सोही अवसरमा विद्यालयको नवनिर्मित भवनको समुद्घाटन तथा स्वर्ण महोत्सवको अवसरमा प्रकाशित 'जनक स्वर्ण स्मारिका'को विमोचन पनि गर्नुभएको थियो। राष्ट्रपतिज्यूले पचास वर्ष भन्दा बढीको लामो अनुभवबाट पहिचान भएका कमी कमजोरी र समस्याहरूलाई सम्बोधन गर्दै यस विद्यालयले आगामी दिनमा शैक्षिक विकास मार्फत् राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिन सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय कृषि आनुवांशिक श्रोत केन्द्रको समुद्घाटन

मिति २०६७ असोज २१ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले खुमलटार, ललितपुरस्थित राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्रको एक समारोहबीच समुद्घाटन गर्नुभयो । समारोहमा राष्ट्रपतिले वढ्दो जनसंख्याको खाद्य आवश्यकता परिपूर्ति गर्नका लागि कृषि जैविक विविधताको अहम् भूमिका रहने र हाम्रा पूर्वजहरूले संरक्षण गरेका विविध स्थानीय कृषिबाली र तिनको परम्परागत संरक्षण र प्रविधिको जगेर्ना तथा व्यवस्थापन गर्नु आज हाम्रो सामु चुनौती रहेको कुरा बताउनुभयो । साथै हाम्रा परम्परागत कृषिबाली तथा जैविक सम्पतिको लेखांकन र तिनलाई नेपालको मौलिकताको रूपमा विश्वलाई चिनाउन पनि हामी उत्तिकै लाग्नुपर्ने व्यहोरा समेत उल्लेख गर्नुभएको थियो । समारोहमा माननीय कृषि तथा सहकारी मन्त्री मृगेन्द्रकुमार सिंह, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.जगदिशचन्द्र पोखरेल, कृषि तथा सहकारी मन्त्रालयका सचिव नाथुप्रसाद चौधरी, राष्ट्रिय कृषि अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक डा.भारतेन्दु मिश्र र राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्रका प्रमुख डा.मधुसुदन प्रसाद उपाध्यायले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

श्रीगणेश नियुक्ति

मिति २०६७ असोज २० गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवको समुपस्थितिमा परम्परागत विधि अनुसार शीतलनिवासमा आयोजित एक कार्यक्रमबीच जिवीत देव श्रीगणेशको अवकाश तथा नियुक्ति तलेजु, नेपाल आर्मी र राष्ट्रपति कार्यालयका पूजारीद्वारा संयुक्त रूपमा गरियो । ईन्द्रजात्राको अवसरमा श्रीकुमारी र श्री भैरवका साथ यात्रा गर्नुहुने श्री गणेशको नियुक्ति परम्परागत नेवार शाक्य कुलका पाँच वर्षीय बालकलाई गरिने व्यहोरा अवकाश प्राप्त श्री गणेशका अभिभावक कल्याण शाक्यले बताउनुभयो । काठमाडौं न्यूरोड क्षेत्रका नवनियुक्त श्रीगणेशको नाम सन्देश शाक्य र वहाँको पदावधि चुडाकर्म गर्ने उमेर (करीब १३ वर्ष) नपुगुन्जेल सम्म रहने बताइएको छ । कार्यक्रममा इन्द्रजात्रा व्यवस्थापन समितिका पदाधिकारीहरू, माननीय संस्कृति मन्त्री नगेन्द्र प्रसाद रिजाल लगायत पुराना र नवनियुक्त गणेशका अभिभावकहरूको उपस्थिति रहेको थियो ।

एस.ओ.एस.बालग्राम लुम्बिनी भवनको समुद्घाटन

मिति २०६७ असोज १९ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले रुपन्देहीस्थित एस.ओ.एस.बालग्राम लुम्बिनी भवनको शिलापत्र अनावरण गरी समुद्घाटन गर्नुभयो । नेपाली बालबालिकाका लागि शिक्षा क्षेत्रमा विभिन्न सहयोगी संस्था तथा व्यक्तिहरूले पुऱ्याउनु भएको योगदानको लागि राष्ट्रपतिज्यूले धन्यवाद प्रकट गर्दै विदेशी मित्रहरूबाट प्राप्त यो अमुल्य उपहारको उच्चतम सम्भार र सदुपयोग गर्दै प्राकृतिक वा मानवीय कारणले जोखिममा परेका नेपाली बालबालिकालाई उचित संरक्षण, वात्सल्य र जीवनपयोगी शिक्षादीक्षा दिएर उनीहरूको सर्वाङ्गीण विकास गर्नमा बालग्रामलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो । सोही अवसरमा अष्ट्रिया, टिरोल प्रान्तका गभर्नर महामहिम श्री गुन्टर प्लाटरबाट पूर्व प्राथमिक विद्यालयको उद्घाटन गर्नु भएको थियो । साथै सम्माननीय राष्ट्रपति, महामहिम श्री गुन्टर प्लाटर एवं एस.ओ.एस. अर्न्तराष्ट्रियका अध्यक्ष श्री हेल्मुट कुटिनबाट एस.ओ.एस. पारिवारिक घरहरूको समुद्घाटन तथा निरीक्षण र अवलोकन समेत गर्नु भएको थियो । कार्यक्रममा बालग्रामका बालबालिकाहरूले राष्ट्रिय गान र स्वागत नृत्य प्रस्तुत गरेका थिए । सो अवसरमा महामहिम श्री गुन्टर प्लाटर र एसओएस अर्न्तराष्ट्रियका अध्यक्ष श्री हेल्मुट कुटिनले कार्यक्रममा मन्तव्य प्रकट गर्नु भएको थियो ।

Interdisciplinarity in Water Education in South Asia विषयक अन्तर्राष्ट्रिय गोष्ठीको समुद्घाटन

मिति २०६७ असोज १७ गते, राष्ट्रपति डा.रामवरण यादवज्यूले काठमाडौंमा नेपाल ईन्जिनियरिङ्ग कलेज र Saci WATER को आयोजनामा Interdisciplinarity in Water Education in South Asia विषयक अन्तर्राष्ट्रिय गोष्ठीको समुद्घाटन गर्नुभयो । सो अवसरमा वहाँले प्राकृतिक श्रोतको संरक्षण तथा व्यवस्थापनमा ध्यान पुऱ्याउन आग्रह गर्दै नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको शिवालिक तथा चुरे क्षेत्रमा भैरहेको विनाशले तराई तथा भारतको उत्तर राज्यमा समेत प्रभाव पार्ने हुँदा जमिनमुनिको पानीलाई संरक्षण गरी बाढीलाई रोकथाम गर्नु पर्नेमा जोड दिनुभयो । साउथ एसियन वाटर कन्सोर्टिम (Saci WATER), हैदरावादका प्रा. एन. सान्था मोहनले गोष्ठीको उद्देश्य तथा कार्यक्रमबारे जानकारी गराउनुभएको थियो भने मानवस्रोत विकास केन्द्र, काठमाडौंको निर्देशक श्री छाया झा र जलश्रोत केन्द्रका निर्देशक तथा अन्ना विश्व विद्यालय, चेन्नई, भारतका प्रा. एन.के. एम्बुजमबाट गोष्ठीको विषयवस्तुबारे संक्षिप्त प्रवचन दिनुभएको थियो ।

श्रीमद् भागवत ज्ञान महायज्ञ समुद्घाटन

मिति २०६७ असोज १० गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले खुलामञ्च, काठमाडौंमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, केन्द्रीय कार्यालयद्वारा आयोजित श्रीमद्भागवत् ज्ञान महायज्ञको समुद्घाटन गर्नुभयो । नेपालको इतिहासमा पहिलो पल्ट दलित संस्थाबाट आयोजित उक्त महायज्ञ कार्यक्रमले दलित विद्यार्थीहरूको शिक्षामा पहुँच अभिवृद्धि गरी सहयोग पुऱ्याउने उद्देश्यले "दलित तथा गरीब शिक्षा सहयोग कोष" स्थापना र छात्रावास समेत निर्माण गर्ने लक्ष्य राखेको आयोजकले बताएका थिए ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघबाट आयोजित श्रीमद्भागवत् ज्ञान महायज्ञको समुद्घाटन गर्नुहुँदै सम्माननीय राष्ट्रपति

नेपाली मौलिकताको युवा ऐक्यबद्धता महोत्सवको समूद्घाटन

मिति २०६७ असोज ८ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले धुलिखेल काभ्रेस्थित काठमाडौं विश्वविद्यालयमा आयोजित "नेपाली मौलिकताको युवा ऐक्यबद्धता महोत्सव, २०६७" को समुद्घाटन गर्नुभयो । वहाँले सोही दिन कन्या छात्रावास तथा कर्मचारी आवास भवनको पनि समुद्घाटन गर्नुभयो । समुद्घाटन समारोहलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले विश्वविद्यालयमा अध्ययन गर्ने युवा शक्ति भनेको भोलिको मुलुकलाई सही दिशा दिने सामर्थ्य बटुल्दै गरेको शक्ति हो, यस्तो शक्ति रचनात्मक र सिर्जनशील भयो भने मुलुकले विकासको फड्को मार्न लामो समय कुर्नु पर्दैन भन्ने विचार प्रकट गर्नुभयो । साथै विश्वका उत्कृष्ट शैक्षिक संस्थाहरूसँग प्रतिस्पर्धा गर्दै देशका निम्ति उपयोगी र अन्तर्राष्ट्रिय जगत्मा समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको उत्पादनमा लागिरहन काठमाडौं विश्वविद्यालयले अनुसन्धानमूलक शिक्षामा जोड दिँदै अघि बढ्नुपर्ने धारणा समेत वहाँले व्यक्त गर्नुभएको थियो ।

गीति एल्बमको विमोचन

मिति २०६७ असोज ७ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा २००७ सालको राणा विरोधी क्रान्तिका बेला संगीतको माध्यमबाट सशक्त भूमिका निभाउनु हुने प्रजातान्त्रिक नेपाल रेडियोकी प्रथम गायिका रानुदेवी अधिकारी समेतको स्वर रहेको "२००७ अघि र पछि" नामक गीति एल्बमको विमोचन गर्नुभयो । सो अवसरमा गीति एल्बममा स्वरबद्ध गरिएका गीतहरूले नेपालको प्रजातान्त्रिक आन्दोलनमा संगीतले पुऱ्याएको योगदानलाई स्मरण गराउन सफल भएको विचार सम्माननीय राष्ट्रपतिले व्यक्त गर्नुभएको थियो ।

महाकुम्भ स्तम्भको अनावरण

मिति २०६७ असोज २ गते सम्माननीय राष्ट्रपतिबाट जगद्गुरु पीठ, वराहक्षेत्र १, प्राचीन हरिद्वार चतराधाममा निर्मित महाकुम्भ स्तम्भको अनावरण सम्पन्न भयो । अनन्त श्री विभूषित जगद्गुरु श्री बालसन्त मोहन शरण देवाचार्य महाराज श्रीको निमन्त्रणामा सम्माननीय राष्ट्रपतिज्यूबाट उक्त स्थानको भ्रमण सम्पन्न भएको थियो । धार्मिक मान्यता अनुसार कुम्भ मेलाको आयोजना गर्न शास्त्रले प्रमाण दिएका स्थानहरू सिमित मात्र रहेका छन् । भारतमा विभिन्न स्थानमा कुम्भ लाग्ने भए तापनि नेपालमा भने यस्तो स्थानको पहिचान र प्रमाण स्थापित हुन सकेको थिएन । नेपालका प्रथम जगद्गुरु श्री बालसन्त महाराज श्रीको अध्ययन, विश्लेषण र अडानले सुनसरीको वराहक्षेत्रस्थित चतराधाम प्राचीन हरिद्वारको रूपमा स्थापित हुन सकेको र कुम्भ मेला आयोजना गर्न सो स्थान धार्मिक तथा पुरातात्विक प्रमाणहरूबाट पूर्ण रहेको समेत तथ्य स्थापित भएको देखिन्छ । सोही तथ्य र प्रमाणको आधारमा वि.स.२०५९ सालमा कुम्भ महोत्सव सम्पन्न गरी कुम्भको स्मरणमा यो महाकुम्भ स्तम्भ निर्माण भएको आयोजकले बताएका थिए ।

राष्ट्रपतिज्यूबाट सोही अवसरमा आयोजित विद्वत् सम्मेलनको पनि समुद्घाटन भएको थियो । करिब ५०० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्वानहरूको सहभागिता रहेको उक्त सम्मेलनले सनातन हिन्दु धर्मदर्शनका विविध पक्षहरू र नेपालको वर्तमान अवस्थाको विषयमा विचार विमर्श गरी सम्मेलनको आधिकारिक निष्कर्ष नेपाल सरकार समक्ष प्रस्तुत गर्ने लक्ष्य लिएको पनि आयोजकहरूले बताएका थिए ।

महाकुम्भ स्तम्भ अनावरण समारोहमा आफ्नो मन्तव्य राख्दै राष्ट्रपतिज्यूले प्राचीन हरिद्वारको रूपमा यस क्षेत्रलाई विकास गर्न आवश्यक भौतिक पूर्वाधारको विकासमा सबै क्षेत्रको सहयोगको लागि आव्हान गर्दै वराहक्षेत्रस्थित यस चतराधामको विकासले पूर्वाञ्चलको मात्र नभई समग्र देशको आर्थिक तथा सामाजिक विकासमा समेत टेवा पुग्ने धारणा राख्नु भएको थियो । सो अवसरमा आयोजित विद्वत् सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुहुँदै राष्ट्रपतिज्यूबाट सम्मेलनले धर्मको दार्शनिक पक्षलाई मानव कल्याणमा लगाउन उपयुक्त सुझाव र मार्गदर्शन प्रदान गर्न सकोस् भनी कामना समेत व्यक्त गर्नुभएको थियो ।

सम्माननीय राष्ट्रपतिज्यूबाट अनावरण गरिएको वराह क्षेत्रमा निर्मित ५९ फिट अग्लो महाकुम्भ स्तम्भ

चरिकोटमा श्रीमद भागवत सप्ताह ज्ञान महायज्ञ समुद्घाटन

मिति २०६७ असोज १ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले भीमेश्वर न.पा. १, दोलखामा प्रस्तावित विश्व विद्यालय तथा गौरीशंकर बहुमुखी क्याम्पसले आयोजना गरेको श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ र पतन्जली योग शिविर नेपालको शुभारम्भको समुद्घाटन गर्नुभयो । समुद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपतिज्यूले वैदिक सनातन धर्म हिन्दूहरूको जीवन पद्धति पनि हो भन्नु हुँदै हिन्दू दर्शनले परोपकारलाई धर्मकारूपमा र परपीडनलाई पापका रूपमा व्याख्या गरेको विचार प्रकट गर्नुभएको थियो । वहाँले व्यावहारिक जीवनमा कुनै पनि राम्रो कामलाई धर्म र खराब कामलाई पाप भन्ने गरिएबाट नै हिन्दू दर्शनको मर्म स्पष्ट हुने उल्लेख गर्दै धार्मिक कार्यहरू पनि लोककल्याणका निम्ति हुनुपर्दछ र धर्मका नाममा अर्पण गरिएको सम्पत्ति वा दानले अरूको उपकार गरिनु पर्दछ भन्ने धारणा व्यक्त गर्नुभयो । उक्त महायज्ञको वाचन पण्डित श्री दीनबन्धु पोखरेलले गुर्नभएको थियो । सोही दिन राष्ट्रपतिज्यूले ऐतिहासिक तथा पौराणिक दोलखा शहरस्थित श्री भीमेश्वर मन्दिरमा पूजा अर्चना गर्नुभएको थियो ।

नेपाल विद्याभूषण क, ख र ग तथा नेपाल छात्रा विद्यापदक वितरण

मिति २०६७ भाद्र २३ गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट राष्ट्रपति भवन, शीतलनिवासमा विशेष समारोहका बीच नेपाल विद्याभूषण 'क' १५२ जनालाई, 'ख' ९२ जनालाई र 'ग' १७ जनालाई साथै नेपाल छात्रा विद्यापदक स्नातक तह २६ जना तथा प्रमाण पत्र तहका १२ जना गरी जम्मा २९९ जना महानुभावहरूलाई प्रदान भएको थियो । विद्यावारिधि वा सो भन्दा माथिको उपाधि प्राप्त गर्ने व्यक्तिलाई 'क' श्रेणीको, प्रत्येक विषयमा नियमित रूपमा अध्ययनरत स्नातकोत्तर तहमा प्रथम श्रेणीमा प्रथम हुने विद्यार्थी वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत उच्च अंक प्राप्त गर्ने विद्यार्थीलाई 'ख' श्रेणीको र प्रत्येक अध्ययन संस्थानबाट स्नातक तहमा नियमित अध्ययन गरी प्रथम श्रेणीमा प्रथम हुने विद्यार्थी वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत उच्चतम ग्रेड पाउने विद्यार्थीलाई 'ग' श्रेणीको नेपाल विद्याभूषण पदक तथा प्रमाण पत्र प्रदान गर्ने व्यवस्था रहेको छ ।

नेपालका विश्वविद्यालय, अध्ययन संस्थान, उच्च माध्यमिक शिक्षा परिषद् वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट प्रमाण पत्र तह वा स्नातक तहमा सबै भन्दा बढी अंक वा ग्रेड प्राप्त गर्ने एकजना छात्रालाई क्रमशः प्रमाण पत्र स्तर र स्नातक स्तरको नेपाल छात्रा विद्यापदक सम्माननीय राष्ट्रपतिबाट प्रदान हुने व्यवस्था रहेको छ । समारोहलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले आर्थिक–सामाजिक रुपान्तरण गर्दै मुलुकलाई युगसम्मत अग्रगमनतर्फ अगाडि बढाउने आजको राष्ट्रिय अभिभारा पूरा गर्न सक्षम र देशभक्त जनशक्तिको आवश्यकता रहेको औंल्याउनु हुँदै शैक्षिक क्षेत्रमा आर्जित विशिष्ट ज्ञान र क्षमतालाई व्यावहारिक रूपमा राष्ट्र निर्माणमा लगाउन पदक पाउनेहरूलाई सफलता मिलोस् भनी कामना गर्नुभयो । पदकबाट विभूषित व्यक्तित्वहरूको आफ्नै परिश्रम र लगनशीलताका कारण आज राष्ट्रका तर्फबाट सम्मान पाउनुभएको विचार व्यक्त गर्दै सम्माननीय राष्ट्रपतिज्यूले हरेक नागरिकको सफलतामा राष्ट्रको योगदान पनि अवश्य रहेको हुन्छ, यसर्थ; राष्ट्रले लगाएको गुन सम्झिएर आफूलाई राष्ट्रहितका कार्यमा समर्पित हुन पदक पाउनेहरूलाई आह्वान गर्नुभएको थियो । उक्त समारोहमा माननीय शिक्षा मन्त्री श्री सर्वेन्द्रनाथ शुक्लाको समेत उपस्थिति रहेको थियो ।

सम्माननीय राष्ट्रपतिबाट नेपाल छात्रा विद्या पदक ग्रहण गर्दै ।

नेपाल-भारत साहित्य सङ्गम त्रिदिवसीय साहित्य सङ्गोष्ठी एवं कवि सम्मेलनको समुद्घाटन

मिति २०६७ भाद्र २२ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले नेपाल प्रज्ञा-प्रतिष्ठान तथा भारतीय राजदूतावास, काठमाडौंको सहकार्यमा प्रज्ञाभवन, कमलादीमा आयोजित नेपाल-भारत साहित्य सङ्गम त्रिदिवसीय साहित्य सङ्गोष्ठी एवं कवि सम्मेलनको समुद्घाटन गर्नुभयो । समुद्घाटन अवसरमा वहाँले भाषा, साहित्य, कला, संस्कृति, दर्शन र सामाजिक संरचनाका साथै प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक लगायतका क्षेत्रमा नेपाल भारत बीचमा धेरै समानता रहेकोले पनि भाषा साहित्यको विकासमा दुई देशबीचमा हुने यस प्रकारका अन्तर्क्रियाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ भन्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

निजामती सेवा दिवस

मिति २०६७ भदौ २० र २१ गते निजामती सेवा दिवस २०६७ को उपलक्ष्यमा राष्ट्रपतिको कार्यालय स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिएको थियो । उक्त प्रतियोगितामा पुरुष तर्फ भलिबल तथा महिला तर्फ सियो धागो प्रतियोगिता संचालन गरिएको थियो । यस कार्यालयमा कार्यरत निजामती, नेपाली सेना, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र स्वकीय सचिवालय तर्फका सबै कर्मचारीहरूलाई समेटी सगरमाथा, माछापुच्छ्रे, कर्णाली र रारा गरी चारवटा समूह विभाजन गरी प्रतियोगिता संचालन गरिएको थियो । भलिवल प्रतियोगितामा सगरमाथा समूह प्रथम र रारा समूह द्वितीय भएका थिए । त्यसैगरी जम्मा ७ जना महिला कर्मचारीहरू सहभागी रहेको २०० मिटर दौड सहितको सियोधागो प्रतियोगितामा बन्दना शिवाकोटी प्रथम, रमा महत द्वितीय र माया अर्याल तृतीय भएका थिए । उक्त खेलकुद प्रतियोगितामा विजयी टिम तथा खेलाडिहरूलाई राष्ट्रपति कार्यालयका सचिव श्री वामनप्रसाद न्यौपानेज्यूबाट पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

सोही अवसरमा प्रत्येक कार्यालयबाट वार्षिक रूपमा एक जना उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नेपाल सरकारको नीति अनुसार यस कार्यालयका तर्फबाट कम्प्यूटर अपरेटर (रा.प.अनं. प्रथम श्रेणी) श्री राधेश्याम अधिकारी छनौट हुनु भएको थियो । मिति २०५५ फाल्गुण ९ गतेदेखि स्थायी रूपमा निजामती सेवामा प्रवेश गर्नुभएका श्री अधिकारी राष्ट्रपतिको कार्यालय स्थापना भएकै वर्षदेखि हालसम्म यहाँ कार्यरत हुनुहुन्छ । आफ्नो पदीय कर्तव्य, अनुशासन र उच्च पेशागत क्षमता हासिल गर्नुभएका श्री अधिकारीलाई कार्यालयका तर्फबाट प्रमाणपत्र सहित रु. पाँच हजार नगर पुरस्कार सचिव श्री वामनप्रसाद न्यौपानेज्यूबाट प्रदान गरिएको थियो ।

राष्ट्रपति कार्यालयका उत्कृष्ट कर्मचारी श्री राधेश्याम अधिकारी पुरस्कार ग्रहण गर्दै ।

ओहदाको प्रमाणपत्र पेश

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष नेपालका लागि बेलायत र डेनमार्कका आवासीय राजदूतहरू क्रमशः Mr. John Tocknott MBE, H.E. Mr. Morten Jespersen र ओमानका गैर आवासीय राजदूत H.E. Mr. Sheikh Humaid Bin Ali Al-Maani ले मिति २०६६ भाद्र १५ गते र नेपालका लागि फ्रान्सका आवासीय राजदूत H.E. Mr. Jean Charle DEMARQUIS, अल्जेरिया र फिनल्यान्डका गैर आवासीय राजदूतहरू क्रमशः H.E. Mr. ECHARIF Mohammed-Hacene /Her Excellency Ms. Terhi Hakala ले मिति २०६७ भदौ २८ गते राष्ट्रपति भवन शीतलनिवासमा आयोजित समारोह बीच आ-आफ्नो ओहदाको प्रमाणपत्र पेश गर्नु भयो । परराष्ट्रमन्त्री, राष्ट्रपतिको कार्यालयका सचिव, परराष्ट्र मन्त्रालयका सचिव लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको सो अवसरमा दुई देश बीच आपसी हितका विषयमा छलफल भएको थियो ।

राष्ट्रिय कविता महोत्सव पुरस्कार वितरण

मिति २०६७ भाद्र २० गते, सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन, शीतल निवासमा एक समारोहका बीच नेपाल प्रज्ञा-प्रतिष्ठानबाट आयोजित राष्ट्रिय कविता महोत्सवमा विजेता कविहरूलाई पुरस्कार वितरण गर्नुभयो । राष्ट्रिय कविता महोत्सव २०६२ का पुरस्कृत कवि र कविताहरू क्रमश प्रथमः मनोज न्यौपाने, वसन्त र फूल, (मोरङ), द्वितीयः भरत भारद्वाज, यस वर्ष यसै भो, (झापा), तृतीयः नारायण निराशी, पाए हुन्थ्यो शान्ति नै लेख्नलाई, (सर्लाही), तृतीयः राधाकृष्ण भट्टराई, घाम खोजिरहेछु, (सर्लाही) र तृतीयः विभूति शर्मा, चराहरू, (पाँचथर)लाई प्रदान गर्नुभयो भने राष्ट्रिय कविता महोत्सव २०६७ का पुरस्कृत कविहरू प्रथमः लीला अनमोल, दुर्घटित विश्वास, (झापा), द्वितीयः तुलसा पाठक, हाम्रो देश, (तेह्रथुम), तृतीयः भरत कुमार साउद, सपना र सुस्केराहरू, (अछाम), तृतीयः भोला धरातल, नेपाल आमालाई, (भक्तपुर) र तृतीयः सिन्धु गौतम, संवेदनाको व्यापार र मेरो ईश्वर, (चितवन)लाई प्रदान गर्नुभएको थियो । पुरस्कृत प्रतिभाहरूलाई बधाई दिँदै सम्माननीय राष्ट्रपतिले स्रष्टाहरू देशका गहना हुन्, स्रष्टाहरूले आफ्ना सुन्दर रचनाद्वारा राष्ट्रिय संस्कृतिको निर्माणमा र त्यसको इन्द्रेनी आभा फिँजाउनमा अग्रणी भूमिका निर्वाह गरेका हुन्छन् भन्ने धारणा व्यक्त गर्नुभएको थियो । राष्ट्रका भाषा, साहित्य, कला, संस्कृति, दर्शन र सामाजिक संरचनाका साथै प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक र अरू अने पक्षका बारेमा नयाँ ज्ञानका आयाम उद्घाटन गरी अबको नेपाललाई हँसिलो र उज्यालो बनाउन पुरस्कृत कविहरूका सिर्जनाले सकारात्मक भूमिका खेल्न सकून् भन्ने सदिच्छा राष्ट्रपतिले व्यक्त गर्नुभएको थियो । कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव श्री सनत रेग्मी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

बालभेला कार्यक्रम

मिति २०६७ भाद्र १२ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा बृहत बालभेला कार्यक्रम, २०६७ का सहभागी विद्यार्थीहरूसँग सामूहिक भेटघाट गर्नुभयो । भेटका अवसरमा सहभागी विद्यार्थी श्री श्रृष्टि डंगोलले बृहत बालभेला कार्यक्रम सम्बन्धी जानकारी गराउनुभएको थियो । बृहत बालभेला कार्यक्रमको संयोजक श्री रमेशमान मुनिकार रहनु भएको थियो ।

सममाननीय राष्ट्रपतिज्यूलाई उपहार प्रदान गर्दै बालभेलाका सहभागी ।

जैन श्वेताम्वर तेरापंथी सभाको तेरापंथ भवनको समुद्घाटन

सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले मिति २०६७ भाद्र ११ गते, जैन श्वेताम्बर तेरापंथ समाज, वीरगंजले आदर्शनगर, अणुव्रतमार्गमा निर्माण गरेको वीरगंज तेरापंथ भवनको शिलालेखको अनावरण गरी समुद्घाटन गर्नुभयो । सोही अवसरमा प्रकाशित स्मारिकाको समेत वहाँले विमोचन गर्नुभएको थियो । समारोहलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिले विविध धर्म, भाषा-संस्कृति तथा परम्परागत मूल्य मान्यता बीचको आपसी अन्तरक्रिया, परस्पर सम्मान र सद्भावको माध्यमबाट समाजमा आपसी सद्भाव, प्रेम र शान्ति स्थापना गर्ने तर्फ हामी सबै अग्रसर हुनुपर्नेमा जोड दिनुभएको थियो । कुनै पनि धर्म मानव समाजलाई अनुशासित र मर्यादित बनाउने पद्दति हो भन्दै वहाँले सबै धर्मको यही सार तत्वलाई मनन गरेर धार्मिक सहिष्णुता र एकताको बाटो पहिल्याई नेपाली मात्रको कल्याण गर्ने दिशातर्फ सबै अग्रसर हुनु पर्दछ भन्ने विचार प्रकट गर्नुभएको थियो । सोही अवसरमा सम्माननीय राष्ट्रपतिबाट श्री जै.श्वे.तेरापन्थ समाज का अध्यक्ष श्री अशोक कुमार वैद र तेरापंथ भवन निर्माण समितिका संयोजक श्री सुरेन्द्र गोल्छालाई कदर पत्र हस्तान्तरण गर्नुभएको थियो ।

नेपाली शिक्षा परिषद्को हीरकजयन्ती वर्षको समुद्घाटन

मिति २०६७ श्रावण ३१ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले लेखनाथ सडक, सोह्रखुट्टे, काठमाडौंमा नेपाली शिक्षा परिषद्को हीरकजयन्ती वर्षको समुद्घाटन गर्नुभयो । सोही कार्यक्रममा वहाँले स्व. श्री गोपाल पाँडे असीमको ९८ औं जयन्तीका अवसरमा प्राध्यापक डा. माधवप्रसाद पोखरेललाई 'गोपाल पाँडे असीम पुरस्कार' प्रदान गर्नुभयो । कार्यक्रममा सम्बोधन गर्दै सम्माननीय राष्ट्रपतिबाट परिषदले आगामी दिनहरूमा भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा अझै गहन कार्यहरू गर्दै जान सकोस् भनी शुभकामना व्यक्त भएको थियो । सोही अवसरमा श्री भानु माध्यमिक विद्यालय (दरबार हाईस्कुल) बाट प्रवेशिका परीक्षा (वि.सं.२०६६) मा नेपाली विषयमा उत्कृष्ट अंक ल्याउने विद्यार्थी श्री आशिष थापा मगरलाई परिषद्का अध्यक्ष राष्ट्रकवि श्री माधवप्रसाद घिमिरेबाट 'गोपाल पाँडे असीम उत्कृष्ट नेपाली पुरस्कार' प्रदान गर्नु भएको थियो भने परिषद्बारे शोधग्रन्थ तयार पार्ने श्री डमरुप्रसाद पौडेल (शोधग्रन्थको शीर्षक: नेपाली भाषा र साहित्यमा नेपाली शिक्षा परिषद् काठमाडौंको योगदान) र श्री त्रिलोचन भट्टराई (शोधग्रन्थको शीर्षक: नेपाली साहित्यमा 'राष्ट्रभाषा' पत्रिकाको योगदान) लाई उपहार प्रदान गर्नु भएको थियो । साथै सम्माननीय राष्ट्रपतिले परिषदमा अवस्थित लेखनाथ (साहित्यिक) संङ्ग्रहालयको अवलोकन पनि गर्नु भएको थियो ।

स्मृति ग्रन्थको विमोचन

मिति २०६७ श्रावण १२ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच डा. यादवप्रसाद पन्त अनुसन्धान तथा विकास प्रतिष्ठानबाट प्रकाशित "डा. यादव प्रसाद पन्त स्मृति ग्रन्थ"को विमोचन गर्नुभयो । सो स्मृति ग्रन्थ पढेर देशको आर्थिक, सामाजिक, प्रशासनिक र शैक्षिक विकासमा सहयोग पुऱ्याउन सक्ने पाठक पनि जन्मियून् भन्ने धारणा सम्माननीय राष्ट्रपतिज्यूले सो अवसरमा प्रकट गर्नुभएको थियो ।

"सोह्रौं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द" पुस्तक र "नारी" कथा संग्रहको विमोचन

मिति २०६७ श्रावण ११ गते, सम्माननीय राष्ट्रपति डा.रामवरण यादवले राष्ट्रपति भवन, शीतलनिवासमा एक समारोहकाबीच चन्द्र कुमार सेर्मा लिम्बु "पापोहाङ" बाट लिखित "सोह्रौं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द" पुस्तक र लेखिका विणा सिन्हाबाट लिखित "नारी" कथा संग्रहको विमोचन गर्नु भयो । कार्यक्रममा सम्माननीय राष्ट्रपतिले किरात धर्मका महागुरु, समाज सुधारक तथा नेपालको राष्ट्रिय विभूति फाल्गुनन्दले देखाउनु भएको मानव एकता, शान्ति, अहिंसा, सत्य र समाज सुधारको बाटोमा अगाडि बढ्न हामी सबैलाई प्रेरणा मिलोस् भन्ने शुभेच्छा प्रकट गर्नु भएको थियो । त्यसै गरी 'नारी' कथा संग्रहबाट नेपाली नारी विरुद्ध हाल प्रचलनमा रहेका अमानवीय व्यवहार तथा उत्पीडनको अन्त्य गरी उनीहरूको हकहित र अधिकारको जगेर्ना गर्न सबैलाई घच्घच्याउने विश्वास समेत सम्माननीय राष्ट्रपतिले व्यक्त गर्नु भयो ।

बिदाइ भेट सम्पन्न

मिति २०६७ साउन १० गते नेपालका निमित्त आवासीय वेलायती राजदूत H.E. Dr. Andrew Hall तथा उत्तर कोरियाका आवासीय राजदूत H.E. Jang Young Chol ले र मिति २०६७ भदौ १० गते नेपालका लागि डेनमार्कका आवासीय राजदूत H.E. Mr. Finn Thilsted ले राष्ट्रपति भवन शीतलनिवासमा शिष्टाचार बिदाइ भेट गर्नुभयो ।

अभिलेख खण्ड

सम्माननीय राष्ट्रपतिज्यूको शपथ ग्रहण

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव पद तथा गोपनीयताको शपथ लिनु हुँदै

गणतन्त्र नेपालको प्रथम राष्ट्रपतिको रूपमा सम्माननीय प्रधान न्यायाधीश श्री केदारप्रसाद गिरी समक्ष नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३६च. बमोजिम नव निर्वाचित राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति भवन शीतलनिवास, महाराजगञ्जमा मिति २०६५/४/८/४ गते आयोजित विशेष समारोहमा राष्ट्रपति पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । सो विशेष समारोहमा नव निर्वाचित उपराष्ट्रपति श्री परमानन्द झा, सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, माननीय मन्त्रीहरू, संवैधानिक अंगका पदाधिकारीहरू, संविधान सभाका माननीय सदस्यहरूका साथै नेपाल स्थित कुटनीतिक नियोगका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । समारोहमा विभिन्न राजनीतिक दलका नेताहरू, निजामती, जंगी तथा सुरक्षा निकायका उच्च पदस्थ अधिकृतहरू लगायत समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित महानुभावहरूको उपस्थिति रहेको थियो । पद तथा गोपनीयताको शपथ ग्रहण पश्चात् सम्माननीय राष्ट्रपति डा. रामवरण यादवबाट पद बहाली गर्नुका साथै राष्ट्रपतिको हैसियतमा राष्ट्रको नाममा सम्बोधन समेत गर्नुभएको थियो ।

फोटो : सूचना विभाग

२०६५ श्रावण १२ गते आइतवार सम्माननीय राष्ट्रपति डा. रामवरण यादवद्वारा राष्ट्रको नाममा दिनुभएको सम्बोधनको अंश

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

- नेपाली जनताले २००७ साल अघिदेखि हालसम्म पटकपटक गर्दै आएका ऐतिहासिक क्रान्ति, संघर्ष र जनआन्दोलनका परिणाम स्वरूप स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो राष्ट्रपतिका रूपमा कार्यभार सम्हाल्ने अवसर प्राप्त गरेको यो शुभ घडिमा सबभन्दा पहिला म लोकतन्त्रको संघर्षमा शहादत प्राप्त सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धान्जली अर्पण गर्दै सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक अभिवादन गर्न चाहन्छु ।

- हाम्रो देश नेपाल भौगोलिक, सामाजिक, सांस्कृतिक, लैङ्गीक, भाषिक, धार्मिक र जातीय बनोटमा अनेकताबीच एकताको एउटा अनुपम प्रतीकको रूपमा संसारभरि चिनिन्छ । सबै जातजाति वर्ग र समुदायका नेपालीको सुन्दर फूलबारीको रूपमा नेपाल इतिहासको प्रारम्भदेखि नै एउटा अखण्ड, अविभाज्य र स्वतन्त्र देश रही आएको छ ।

- तराई मधेश, पहाड र हिमालमा बस्ने हामी सबै नेपाली हौं । यो हाम्रो प्यारो नेपालको सार्वभौमसत्ता र अखण्डता जोगाउन हामी सदैव एकजूट भइआएका छौं । त्यसैगरी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, विश्वव्यापीरूपमा स्वीकार्य मानव अधिकार र विधिको शासनप्रति हामी सबै प्रतिबद्ध छौं । राष्ट्रपतिको गरिमामय पदमा रहँदा निष्पक्ष रूपमा आफ्नो कर्तव्य र जिम्मेवारी पूरा गर्दै यिनै सिद्धान्तहरूलाई अगाडि बढाउन म कटिबद्ध छु ।

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

- अहिले हामी नेपाल र नेपालीको भाग्य रेखा कोर्ने नयाँ संविधान बनाउने तयारीमा छौं । आउँदो दुईवर्षभित्र संविधान लेख्ने ठूलो चुनौती हामी समक्ष छ । यो चुनौती पार गर्न संविधान सभामा भएका सबै राजनीतिक शक्तिहरू र सबै नेपाली जनता मिलेर अगाडि बढ्नु आजको आवश्यकता हो । तब मात्र हामी आफैले लेखेको संविधानले नेपाल र नेपालीको उज्यालो भाग्य रेखा कोर्नेछ । देश र जनताको भविष्यसँग जोडिएको संविधान निर्माण जस्तो ऐतिहासिक कार्यमा नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत रही मेरो पूर्ण सहयोग र समन्वयात्मक भूमिका रहने छ ।

- आज हामी सबैले देखेको नयाँ नेपालको सपना साकार पार्न सबैको एकताको त्यत्तिकै खाँचो छ। यो एकताको जगमा मात्र जातीय र क्षेत्रीय सद्भाव कायम राख्दै वैज्ञानिक र न्यायिक ढंगले राज्यको पुनःसंरचना गरी हिंसा रहीत सभ्य समाजको निर्माण र आर्थिक, सामाजिक उन्नतीको आधारशिला खडा गर्न सकिन्छ।

- बर्षौंको तितो अतीतलाई पछाडि छोडेर मीठो भविष्यको यात्रामा अगाडि बढ्न र हाल जारी शान्ति प्रक्रियालाई एउटा तार्किक निष्कर्षमा पुऱ्याउन राष्ट्रिय एकता र मेलमिलाप बाहेक अर्को बाटो हुनै सक्तैन। त्यसैले अब गठन हुने सरकारले सबैलाई साथ लिएर सबैको हितका लागि आफ्ना नीति र कार्यक्रम अगाडि सार्ने विश्वास मैले लिएको छु। अबको समय नेपालका लागि शान्ति स्थापना, सामाजिक न्याय, विधिको शासन र समावेशी लोकतन्त्रको माध्यमबाट नेपाल र नेपालीको अनुहार फेर्न अत्यन्त महत्वपूर्ण हुनेछ। यस अवधिमा राज्यको पुनःसंरचना एवं बहुदलीय लोकतन्त्रका सही र बलिया आधारहरू तयार पार्दै आम जनताका आधारभूत आवश्यकता पूरा गर्न, भौतिक संरचनाहरूको निर्माण तथा पुनर्निर्माण एवं दीगो शान्ति प्राप्त गर्नु नै हामी सबैको प्राथमिकता हुनेछ।

- नेपालको इतिहासमै पहिलो पटक जनता आफैले संविधान बनाई आफ्नो भाग्यरेखा आफै कोर्न अहिले आएको ठूलो अवसरसँगै चुनौती पनि त्यत्तिकै ठूलो छ। यस चुनौतीलाई अवसरमा परिणत गर्ने ठूलो मौका प्राप्त भएको छ। त्यसैले हामीमा सक्रियता सँगै सतर्कता पनि त्यत्तिकै जरुरी छ। मलाई विश्वास छ, हामी सबै नेपालीहरूमा यो चुनौती पार गर्न सक्ने क्षमता र आत्मविश्वास छ।

- आफ्नो कर्तव्य र जिम्मेवारीमा सधैँ सजग रहिआएका सबै राजनीतिक दलहरू, नेपाली सेना, प्रहरी, कर्मचारी लगायत विभिन्न सबै पेशा र वर्गका मानिसहरूको सामूहिक र एकताबद्ध प्रयासले मात्र देश अगाडि बढ्न सक्छ भन्ने कुरामा शंका छैन। नेपाल र नेपालीको यस्तो एकताबद्ध प्रयासमा हाम्रो हित चाहने मित्रराष्ट्रहरू लगायत सबै अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सहयोग निरन्तर हुने कुरामा म विश्वस्त छु।

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

- तपाईहरूले ठूलो विश्वास गरेर मलाई देशको गरिमामय सर्वोच्च पदमा पुऱ्याउनु भएको छ। म एउटा सामान्य किसानको छोरा हुँ। नेपालको माटोमा जन्मेर नेपालकै माटोमा लडीबुडी खेल्दै, हुर्कदै राष्ट्रपतिको पदसम्म पुग्दा किसान, मजदूर लगायत सारा नेपालीको सुखदुःखसँगै मेरो सुखदुःख पनि गाँसिएको छ।

- तराईमधेश, पहाड र हिमाल जहाँ बसेपनि, जुनसुकै भाषा बोले पनि, जुनसुकै भेष पहिरिए पनि, जुनसुकै धर्म माने पनि, हामी सबै सबभन्दा पहिला नेपाली हौं। नेपाल रहेमात्र हामी रहन्छौं। हामी रहे मात्र लोकतन्त्र रहन्छ। लोकतन्त्र रहेमात्र देश बन्छ।

- अन्तमा, देशको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान, जातीय र साम्प्रदायिक सद्भावलाई कायम राखी नयाँ नेपाल निर्माणको यात्रामा हातेमालो गर्दै हामी सबै अगाडि बढौं।

सबै नेपालीको जय होस्
जय नेपाल।

सम्माननीय उपराष्ट्रपतिको शपथ

सम्माननीय उपराष्ट्रपति श्री परमानन्द झालाई शपथ ग्रहण गराईँदै।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले मिति २०६६/१०/२४ मा दोस्रो पटक सम्माननीय उपराष्ट्रपति श्री परमानन्द झालाई उपराष्ट्रपति पदको पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" को शपथ

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई शपथ ग्रहण गराइँदै ।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष नव निर्वाचित सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४२ बमोजिम मिति २०६५।५।२।२ मा राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोह बीच प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानन्यायाधीश, संविधान सभाका सम्माननीय अध्यक्ष, राजनीतिक दलका नेताहरू, संवैधानिक निकायका पदाधिकारीहरू, कुटनीतिक नियोगका पदाधिकारीहरू, संविधान सभाका माननीय सदस्यहरू लगायत निजामती, जंगी तथा सुरक्षा निकायका उच्च पदस्थ अधिकृतहरूका साथै समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित महानुभावहरूको समेत उपस्थिति रहेको थियो ।

सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालको शपथ ग्रहण

सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपाललाई शपथ ग्रहण गराइँदै ।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष नव निर्वाचित प्रधानमन्त्री श्री माधवकुमार नेपालले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४२ बमोजिम मिति २०६६।२।११।२ मा राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोह बीच प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु भयो । समारोहमा सम्माननीय उपराष्ट्रपति, सम्माननीय प्रधानन्यायाधीश, संविधान सभाका सम्माननीय अध्यक्ष, राजनीतिक दलका नेताहरू, संवैधानिक निकायका पदाधिकारीहरू, कुटनीतिक नियोगका पदाधिकारीहरू, संविधान सभाका माननीय सदस्यहरू लगायत निजामती, जंगी तथा सुरक्षा निकायका उच्च पदस्थ अधिकृतहरूका साथै समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित महानुभावहरूको समेत उपस्थिति रहेको थियो ।

सम्माननीय प्रधानन्यायाधीश श्री मीन बहादुर रायमाझीको शपथ

सम्माननीय प्रधान न्यायाधीश श्री मीन बहादुर रायमाझीलाई शपथ ग्रहण गराइँदै ।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (१) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझीलाई मिति २०६६।१।२५ गते सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त गर्नु भयो । सम्माननीय राष्ट्रपति समक्ष नव नियुक्त प्रधानन्यायाधीश रायमाझीज्यूले २०६६/१/२७ मा राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोह बीच प्रधानन्यायाधीश पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो।

सम्माननीय प्रधानन्यायाधीश श्री अनुपराज शर्माको शपथ

सम्माननीय प्रधान न्यायाधीश श्री अनुपराज शर्मालाई शपथ ग्रहण गराइँदै।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ को उपधारा (१) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री अनुपराज शर्मालाई मिति २०६६।८।२८ गते सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभयो । सोही दिन सम्माननीय राष्ट्रपतिज्यूले सम्माननीय प्रधानन्यायाधीश श्री अनुपराज शर्माज्यूलाई पद तथा तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो ।

सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठको शपथ

सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठलाई शपथ ग्रहण गराइँदै।

सम्माननीय प्रधानन्यायाधीश श्री अनुपराज शर्माले अवकाश प्राप्त गरेपछि सो पदमा सम्माननीय राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठलाई मिति २०६६/१२/१५ मा सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त गर्नुभयो। सोही दिन सम्माननीय राष्ट्रपतिले नवनियुक्त सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो ।

सम्माननीय सभा अध्यक्ष श्री सुवास चन्द्र नेम्वाङ्गको शपथ

सम्माननीय सभाध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्गलाई शपथ ग्रहण गराइँदै ।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नव निर्वाचित संविधान सभाका सम्माननीय सभा अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्गलाई मिति २०६५।४।१२।१ मा राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोह बीच संविधान सभाको अध्यक्ष पदको पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो ।

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव गणतन्त्र भारत भ्रमणमा

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले गणतन्त्र भारतका महामहिम राष्ट्रपति श्रीमती प्रतिभा देवी सिंह पाटिलको निमन्त्रणामा मिति २०६६/११/३ गतेदेखि छिमेकी देश भारतको ४ दिने राजकीय भ्रमण गर्नुभयो । भारत भ्रमणका लागि सम्माननीय राष्ट्रपतिलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, संवैधानिक निकायका पदाधिकारीहरू लगायत उच्च पदस्थ अधिकृतहरूले बिदाई गर्नुभएको थियो । भ्रमणका अवसरमा नयाँ दिल्लीमा सम्माननीय राष्ट्रपतिसंग गणतन्त्र भारतका उपराष्ट्रपति श्री मो.हामिद अन्सारी, प्रधानमन्त्री डा. मनमोहन सिंह, भारतीय राष्ट्रिय कांग्रेसका अध्यक्ष श्रीमती सोनिया गान्धी, लोकसभाका अध्यक्ष श्रीमती मीरा कुमार लगायत विभिन्न राजनीतिक दलका नेताहरूले शिष्टाचार भेट गर्नुभयो ।

भेटका अवसरमा दुईदेश बीच आपसी सम्बन्ध र सहयोगका बारेमा छलफल भएको थियो । राजकीय भ्रमणका सिलसिलामा सम्माननीय राष्ट्रपतिले हरिद्वारस्थित पतञ्जली योग पीठ लगायतका स्थानहरूको समेत अवलोकन गर्नुभएको थियो ।

सम्माननीय राष्ट्रपतिलाई भारतकी विदेश राज्यमन्त्री प्रणिता कौरले इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल दिल्लीमा स्वागत गर्नुहुँदै, २०६६

सम्माननीय राष्ट्रपति र भारतका महामहिम उपराष्ट्रपतिबीच भेटवार्ता हुँदै, २०६६

सम्माननीय राष्ट्रपति, भारतकी महामहिम राष्ट्रपति र भारतका महामहिम प्रधानमन्त्री साथमा, २०६६



सम्माननीय राष्ट्रपतिलाई भारतका महामहिम प्रधानमन्त्रीबाट स्वागत हुँदै, २०६६

सम्माननीय राष्ट्रपति र भारतका महामहिम राष्ट्रपति वीच भेटवार्ता, २०६६

सम्माननीय राष्ट्रपतिको सम्मानमा भारतको महामहिम राष्ट्रपतिबाट आयोजित रात्रीभोज, २०६६

राष्ट्रपतिको कार्यालयबाट सम्पादित कार्यहरू

क) नियुक्ति

१. लोक सेवा आयोग

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिशमा मिति २०६५/११/५ गतेका दिन डा. कयोदेवी यमी, प्रा. श्री कृष्णप्रसाद पोखरेल, श्री टीकादत्त निरौला र श्री राजेन्द्रप्रसाद साहलाई लोकसेवा आयोगको रिक्त सदस्य पदमा नियुक्त गर्नुभयो। सोही दिन राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक समारोह बीच सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा लोकसेवा आयोगका अध्यक्ष श्री तिर्थमान शाक्यले आयोगका नव नियुक्त सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।

सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा लोकसेवा आयोगका अध्यक्ष श्री तिर्थमान शाक्यले आयोगका नव नियुक्त सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुहुँदै ।

२. महान्याधिवक्ता

क्र. सं.	नाम, थर	नियुक्ति मिति
१.	श्री राघवलाल वैद्य	२०६५/५/५
२.	प्रा. डा. भरत बहादुर कार्की	२०६६/३/२

सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा पद तथा गोपनीयताको शपथग्रहण पश्चात्
महान्यायाधिवक्ता श्री राघवलाल वैद्य

सम्माननीय राष्ट्रपतिको समुपस्थितिमा पद तथा गोपनीयताको शपथ ग्रहण गर्दै
महान्यायाधिवक्ता प्रा.डा.भरत बहादुर कार्की

राष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग

क्र. सं.	नाम, थर	नियुक्ति मिति
१.	श्री केशव प्रसाद बराल, सदस्य	२०६६/१०/७

४. राजदूत नियुक्ति

नेपालको अन्तरिम संविधान, २०६३ का धारा १५० ले मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्नसक्ने व्यवस्था गरे अनुरूप हालसम्म विभिन्न मुलुक र निकायमा राजदूत र प्रतिनिधिहरू नियुक्त भएका छन् । यसरी नियुक्त हुनु अघि संसदीय विशेष सुनुवाई समितिबाट त्यस्ता व्यक्तिहरूको बारेमा सार्वजनिक सुनुवाइ हुने व्यवस्था छ । हालसम्म नियुक्त राजदूत र प्रतिनिधि सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ ।

क्र.सं.	नाम थर	नियुक्ति मिति	मुलुक निकाय
१	श्री सुरेशप्रसाद प्रधान	२०६६/२/१३	संघीय गणतन्त्र जर्मनी
२	डा. शंकरप्रसाद शर्मा	२०६६/६/२५	संयुक्त राज्य अमेरिका
३	श्री ज्ञानचन्द्र आचार्य	२०६६/६/२५	न्यूयोर्क स्थित संयुक्त राष्ट्र संघको लागि नेपालको स्थायी प्रतिनिधि
४	डा. भोजराज घिमिरे	२०६६/६/३०	क्यानाडा
५	श्री प्रधुम्न विक्रम शाह	२०६६/६/३०	ब्राजिल
६	श्री रुक्म शम्सेर ज.व.रा.	२०६६/७/११	भारत
७	श्री मधुवनप्रसाद पौडेल	२०६६/७/१२	कुवेत
८	श्री सुशिल चन्द्र अमात्य	२०६६/७/१३	श्रीलंका
९	डा. सुरेशचन्द्र चालिसे	२०६६/९/८	संयुक्त अधिराज्य
१०	श्री श्यामलाल तवदार	२०६६/९/२६	इजिप्ट
११	श्री अरुणप्रसाद धिताल	२०६६/११/२८	दक्षिण अफ्रिका
१२	श्री रुक्म शम्शेर ज.व.रा.	२०६६/१२/२५	भूटान
१३	मोहन कृष्ण श्रेष्ठ, का.म.पा, विशालनगर	२०६६/२/१६	गणतन्त्र फ्रान्स
१४	श्री सुशिलचन्द्र अमात्य	२०६७/१/३१	माल्दिभ्स
१५	श्री सुरेश प्रसाद प्रधान	२०६७/१/३१	अष्ट्रिया, हंगेरी, स्लोभेनिया, चेक गणतन्त्र, पोल्याण्ड तथा होलीसी
१६	डा. सुरेशचन्द्र चालिसे	२०६७/१/१३	आयरल्याण्ड

४. प्रधान सेनापतिको नियुक्ति

सम्माननीय राष्ट्रपतिले नेपाली सेनाको रिक्त प्रधान सेनापतिमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४४ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा मिति २०६६/५/२४ देखि लागु हुने गरी छत्रमान सिंह गुरुङलाई नेपाली सेनाको प्रधान सेनापति पदमा नियुक्त गर्नुभयो । सोही दिन राष्ट्रपति भवन, शीतल निवासमा आयोजित समारोहमा सम्माननीय राष्ट्रपतिबाट नव नियुक्त प्रधान सेनापतिले पद तथा गोपनीयताका शपथ लिनुका साथै प्रधान सेनापतिका दर्ज्यानी चिन्ह ग्रहण गर्नुभयो । सो समारोहमा प्रधानमन्त्री, मन्त्रीगण लगायत नेपाली सेनाका अधिकृतहरूको उपस्थिति रहेको थियो ।

सम्माननीय राष्ट्रपतिबाट प्रधान सेनापति श्री छत्रमानसिंह गुरुङलाई शपथ ग्रहण गराईदै

ख. मानार्थ उपाधि प्रदान

क्र.सं.	नाम थर	नियुक्ति र शपथ लिएको मिति	निकाय
१	श्री दीपक कपुर	२०६६/१०/७	भारतीय स्थल सेनाध्यक्ष

सम्माननीय राष्ट्रपति भारतीय स्थलसेनाध्यक्ष श्री दीपक कपूरलाई नेपाली सेनाको मानार्थ महारथीको उपाधि प्रदान गर्नुहुँदै

ग. बार्षिक प्रतिवेदन

नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको व्यवस्था बमोजिम संवैधानिक निकायहरूले राष्ट्रपति समक्ष बर्षभरी सम्पादन गरेको कार्यहरूको विवरण संलग्न गरी बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरे अनुरुप हाल सम्म विभिन्न निकायहरूले राष्ट्रपति समक्ष निम्न बमोजिमको बार्षिक प्रतिवेदन पेश गरिसकेका छन् ।

क्र.सं.	संवैधानिक निकायको नाम	प्रतिवेदन बुझेको मिति
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, १८ औं प्रतिवेदन	२०६५/५/२६
२.	राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन ०६४/०६५ (आठौं)	२०६५/६/२९
३.	महालेखा परीक्षकको ४५ औं वार्षिक प्रतिवेदन	२०६५/८/१
४.	सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०६४/६५	२०६५/९/२४
५.	लोक सेवा आयोगको वार्षिक प्रतिवेदन, ४९ औं	२०६५/९/२७
६.	सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०६५/६६	२०६६/११/१२
७.	लोक सेवा आयोगको वार्षिक प्रतिवेदन (५० औं)	२०६६/११/१७
८.	महालेखा परीक्षकको ४६ औं वार्षिक प्रतिवेदन	२०६६/८/२९
९.	राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन ०६५/०६६	२०६६/८/२२
१०.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग (१९ औं)	२०६६/५/१९
११.	महान्याधिवक्ताको कार्यालय ०६४/०६५	२०६६/५/११
१२.	महान्यायधिवक्ताको कार्यालय ०६५/०६६	२०६६/१/२१
१३.	महालेखा परीक्षकको कार्यालयको ४७ औं वार्षिक प्रतिवेदन	२०६७/२/३१/२
१४.	अख्तियार दुरूपयोग अनुसन्धान आयोग, (आ.व. २०६६/०६७) बीसौं प्रतिवेदन	२०६७/५/२३

सम्माननीय राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश भएपछि महालेखा परीक्षकका पदाधिकारीहरु

सम्मानीय राष्ट्रपति डा. रामवरण यादव समक्ष लोकसेवा आयोगको बार्षिक प्रतिवेदन बुझाउदै
लोकसेवा आयोगका कार्यवाहक अध्यक्ष डा. कयोदेवी यमी

सम्मानीय राष्ट्रपति डा. रामवरण यादव समक्ष सर्वोच्च अदालतको आ. व. २०६५/०६६ को बार्षिक प्रतिवेदन बुझाउदै
सम्माननीय प्रधान न्यायाधीश श्री अनुपराज शर्मा

सम्मानीय राष्ट्रपति डा. रामवरण यादव समक्ष महालेखा परीक्षकको बार्षिक प्रतिवेदन बुझाउँदै
का.वा. महालेखा परीक्षक श्री बद्रीबहादुर कार्की

सम्मानीय राष्ट्रपति डा. रामवरण यादव समक्ष राष्ट्रिय मानव अधिकार आयोगका बार्षिक प्रतिवेदन बुझाउँदै
अध्यक्ष श्री केदारनाथ उपाध्याय

सम्मानीय राष्ट्रपति डा. रामवरण यादव समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बार्षिक प्रतिवेदन बुझाउँदै आयोगका सचिव श्री भगवति कुमार काफ्ले

सम्मानीय राष्ट्रपति डा. रामवरण यादव समक्ष बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै महान्यायाधिवक्ता प्रा. डा. भरतबाहादुर कार्की

घ. विधेयक प्रमाणीकरण

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८७ बमोजिम राष्ट्रपतिद्वारा प्रमाणीकरण भएका ऐनहरूको नामावली सम्बन्धी विवरण :

क्र.सं.	ऐन नं.	ऐनको नाम	प्रमाणीकरण मिति
१.	४	विनियोजन ऐन, २०६५	२०६५/९/२/४
२.	५	आर्थिक ऐन, २०६५	२०६५/९/२/४
३.	६	केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) (पहिलो संशोधन) २०६५	२०६५/९/२/४
४.	७	राष्ट्र ऋण उठाउने ऐन, २०६५	२०६५/९/२/४
५.	८	ऋण तथा जमानत (साह्रौं संशोधन) ऐन, २०६५	२०६५/९/२/४
६.		नेपालको अन्तरिम संविधान (छैठौं संशोधन), २०६५	२०६५/८/३०/२
७.		पेश्की खर्च ऐन, २०६५	२०६५/६/९/५
८.		विभूषण (पहिलो संशोधन) ऐन, २०६५	२०६५/५/८
९.	१	घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६	२०६६/१/१४
१०.	२	स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६	२०६६/१/२१
११.	३	पेश्की खर्च ऐन, २०६६	२०६६/३/३१
१२.	४	विनियोजन ऐन, २०६६	२०६६/८/१०
१३.	५	आर्थिक ऐन, २०६६	२०६६/८/१०
१४.	६	राष्ट्र ऋण उठाउने ऐन, २०६६	२०६६/८/१०
१५.	७	ऋण तथा जमानत (सत्रौं संशोधन) ऐन, २०६६	२०६६/८/१०
१६.	८	संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६	२०६६/९/२२
१७.	९	गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६	२०६६/१०/७
१८.	१०	बैंक तथा वित्तीय संस्थाको ऋण असुली (दोश्रो संशोधन) ऐन, २०६६	२०६६/१०/१३
१९.	११	लोक सेवा आयोग ऐन, २०६६	२०६६/१०/१३
२०.		नेपालको अन्तरिम संविधान, सातौं संशोधन, २०६६	२०६६/१०/१७
२१.		नेपालको अन्तरिम संविधान (आठौं संशोधन), २०६७	२०६७/२/१४
२२.	१	सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७	२०६७/३/३
२३.		मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७	२०६७/३/३
२४.		कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७	२०६७/३/३
२५.	४	सेवा र कार्यहरूको लागि संञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने ऐन, २०६७	२०६७/३/३०

ङ. अध्यादेश प्रमाणीकरण

हालसम्म जारी भएका अध्यादेशहरूको नामावली

क्र.सं.	अध्यादेशको नाम	प्रमाणीकरण मिति
१.	सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६५	२०६५/१०/२८
२.	व्यक्ति वेपत्ता पार्ने (कसूर र सजाँय) अध्यादेश, २०६५	२०६५/१०/२८
३.	मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०६५	२०६५/१०/२८
४.	आर्थिक अध्यायदेश, २०६६	२०६६/११/२७

च. राजीनामा

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम संवैधानिक अंग तथा निकायका पदाधिकारीहरूले राष्ट्रपति समक्ष लिखित राजीनामा प्रस्तुत गर्ने व्यवस्था भए मुताबिक राष्ट्रपति समक्ष हालसम्म निम्न बमोजिमका पदाधिकारीहरूले लिखित राजीनामा प्रस्तुत गर्नुभएको छ।

क्र.सं.	नाम	पद	राजीनामा मिति
१.	श्री यज्ञमूर्ति वन्जाडे	महान्यायाधिवक्ता	२०६५/५/३
२.	श्री माधवकुमार नेपाल	प्रधानमन्त्री	२०६७/३/१६
३.	श्री पुष्पकमल दाहाल "प्रचण्ड"	प्रधानमन्त्री	२०६६/१/२१
४.	श्री राघवलाल वैद्य	महान्यायधिवक्ता	२०६६/२/११
५.	श्री भोजराज पोखेल	प्रमुख निर्वाचन आयुक्त	२०६६/२/२०

छ. सजाय/माफी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ ले मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्नसक्ने व्यवस्था गरे बमोजिम राष्ट्रपतिबाट मन्त्रिपरिषद्को सिफारिसमा निम्न बमोजिमको मितिमा निम्न बमोजिमको संख्याका व्यक्तिहरूको बाँकी सजाय माफी भएको छ।

क्र.सं.	मिति	व्यक्ति (जना)
१.	२०६५/६/१९	३७२
२.	२०६५/११/२३	१९०
३.	२०६६/२/१४	१२६
४.	२०६६/६/२६	२०४
५.	२०६६/७/२४	१

ज. राष्ट्रपतिबाट व्यवस्थापिका-संसदलाई सम्बोधन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५२ बमोजिम सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले २०६५/५/२५ र २०६६/३/२५ मा व्यवस्थापिका संसदको अधिवेशनलाई नेपाल सरकारको बार्षिक नीति कार्यक्रम प्रस्तुत गरी दुईपटक संम्बोधन गर्नुभएको छ ।

झ. व्यवस्थापिका संसदको अधिवेशनको आह्वान र अन्त

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५१ बमोजिम राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा व्यवस्थापिका संसदको अधिवेशनको आह्वान र अन्त गर्ने व्यवस्था गरे बमोजिम हालसम्म व्यवस्थापिका संसदको अधिवेशनको आह्वान र अन्त गरेको विवरण निम्न बमोजिम रहेको छ ।

व्यवस्थापिका संसदको अधिवेशनको आह्वान र अन्त

क्र.सं.	अधिवेशन	आह्वान	अन्त
१.	चौथो अधिवेशन	२०६५/५/२०/६	२०६५/१०/६/२
२.	पाँचौ अधिवेशन	२०६५/१२/१६/१	२०६६/३/२२/२
३.	छैठौं अधिवेशन	२०६६/३/२४/४	२०६६/१०/२५/२
४.	सातौं अधिवेशन	२०६६/१२/२२/१	२०६७/२/२०/५
५.	व्यवस्थापिका संसदको सातौं अधिवेशनको अन्त		२०६७/२/२०
६.	व्यवस्थापिका संसदको आठौं अधिवेशनको आह्वान	२०६७/३/२१	

ञ. सम्माननीय राष्ट्रपतिज्यूसँग विभिन्न स्वदेशी तथा विदेशी महानुभावहरूको भेटघाट

मित्र राष्ट्र श्रीलंकाका महामहिम राष्ट्रपति महिन्दा राजापाक्षे समेत विभिन्न मित्र राष्ट्रका राष्ट्राध्यक्ष, सरकार प्रमुख, उच्च पदाधिकारी, राजदूत एवम् विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाका प्रतिनिधिहरूलाई हालसम्म छुट्टा छुट्टै समारोहका बीच सम्माननीय राष्ट्रपतिज्यूबाट भेटघाट प्रदान गर्नु भई आपसी हित र चासोको विषयमा विचार विमर्श भएको थियो । यसै गरी स्वदेश स्तरमा विभिन्न सम्माननीयज्यूहरू, माननीय मन्त्रीज्यूहरू लगायत विभिन्न महानुभावहरूलाई समेत गरी सम्माननीय राष्ट्रपतिज्यूबाट भेटघाट प्रदान गरी राष्ट्रिय सार्वजनिक महत्वका विषयमा आफ्नो गहिरो चासो र सरोकार व्यक्त गर्नुभएको थियो ।

ट. राष्ट्रपतिज्यूबाट वैदेशिक मामिला सम्बन्धी कार्यहरू सम्पन्न

राष्ट्रप्रमुखको हैसियतबाट सम्पादन गर्नुपर्ने वैदेशिक/कुटनीतिक मामिला सम्बन्धी विभिन्न कार्यहरू मध्ये नेपालका लागि नियुक्त विदेशी राजदूतहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण, नेपालका लागि मनोनीत विदेशी राजदूतहरूलाई एग्रीमो प्रदान, कुटनीतिक निकाय मार्फत् शुभकामना, बधाई तथा शोक र अन्य सन्देशहरूको प्रेषण सहितका कार्यहरू सम्पन्न भइरहेका छन् । आ.व.२०६५/६६ मा सम्माननीय राष्ट्रपतिज्यूबाट पच्चीस वटा विभिन्न देशका राजदूतहरूको ओहोदाको प्रमाण पत्र ग्रहण र बीस वटा एग्रिमो प्रदान गर्ने कार्य सम्पन्न भएको थियो भने आ.व. २०६६/६७ मा ओहोदाको प्रमाणपत्र उन्नाइस वटा र एग्रिमो सत्र वटा प्रदान गर्नु भएको थियो । यसै आ.व.मा विभिन्न पाँचवटा कुटनीतिक सन्देशहरू समेत सम्माननीय राष्ट्रपतिज्यूबाट प्रेषित भएको थियो ।

ठ. राष्ट्रपतिज्यूलाई सम्बोधन गरी प्राप्त भएका निवेदन/ज्ञापन पत्रहरू माथि कार्यवाही

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति हुनु भएकोले सर्वसाधारण एवं सम्पूर्ण तह र तप्काका स्वदेशी एवं विदेशी नागरिक तथा संघ संस्थाहरूले आफ्ना भनाइहरू सम्माननीय राष्ट्रपतिज्यू समक्ष राख्न अत्यन्त उत्सुक भएको र सोही कारणबाट सम्माननीय राष्ट्रपतिज्यू समक्ष उल्लेख्य मात्रामा निवेदनहरू, पत्रहरू, ज्ञापनपत्रहरू, उजुरी गुनासा, सुझाव आदि प्राप्त भइरहेका छन् । आ.व.२०६५/६६ मा प्राप्त भएका दुईसय छपन्न वटा विभिन्न विषयका पत्रहरू उपर सम्माननीय राष्ट्रपतिज्यूबाट आदेश भए बमोजिम आवश्यक कार्यवाही सम्पन्न गरिएको थियो । त्यसैगरी आ.व.२०६६/६७ मा तीन सय तीस वटा विभिन्न पत्रहरूमाथि आवश्यक कार्यवाही सम्पन्न भएको थियो ।

फोटो एल्बम खण्ड

सम्माननीय राष्ट्रपतिज्यू २५ राजनीतिक दलका शीर्ष नेताहरूसंगको भेटघाट कार्यक्रम: मिति २०६६/१/४ गते

सम्माननीय राष्ट्रपतिज्यूले व्यवस्थापिका संसदमा पहिलो सम्बोधन गर्नुहुदै, २०६५



सम्माननीय राष्ट्रपति र भारतका महामहिम प्रधानमन्त्रीज्यू बीच भेटवार्ता, २०६६

सम्माननीय राष्ट्रपति र भारतीय नेतृ सोनिया गान्धीबीच भेटवार्ता, २०६६

सम्माननीय राष्ट्रपति र भारतीय विदेशमन्त्री श्री एस.एम.कृष्णाबीच भेटवार्ता, २०६६

सम्माननीय राष्ट्रपतिबाट राजघाटस्थित गान्धी स्मारकमा पुष्पगुच्छा चढाउनु हुँदै, २०६६

सम्माननीय राष्ट्रपति र भारतीय नेतृ श्री सुष्मा स्वराजबीच भेटघाट, २०६६

सम्माननीय राष्ट्रपति श्रीलंकाका महामहिम राष्ट्रपति श्री महेन्द्रा राजापाक्षेका साथ, २०६६

सम्माननीय राष्ट्रपति र रुसका प्रधानन्यायाधीशबीच भेट, २०६६

सम्माननीय राष्ट्रपति र भारतका पूर्व राष्ट्रपति अब्दुल कलाम आजादबीच भेट, २०६५



सम्माननीय राष्ट्रपति र चीनका विदेशमन्त्री याङ जेइचि बीच भेट, २०६५

सम्माननीय राष्ट्रपति र यू.ए.ई.का विदेशमन्त्री शेख अब्दुल्लाह बिनबीच भेट

सम्माननीय राष्ट्रपति र पाकिस्तानका प्रधानमन्त्री शाहिद युसुफ गिलानीबीच भेट, २०६७

सम्माननीय राष्ट्रपतिले सम्माननीय प्रधानमन्त्रीलाई विजया दशमीमा टीका लगाउनु हुँदै, २०६७

सम्माननीय राष्ट्रपतिले सर्वसाधारणलाई विजया दशमीमा टीका लगाउनु हुँदै, २०६७

सम्माननीय राष्ट्रपतिले सर्वसाधारणलाई विजया दशमीमा टीका लगाउनु हुँदै, २०६७

सम्माननीय राष्ट्रपतिले सर्वसाधारणलाई विजया दशमीमा टीका लगाउनु हुँदै, २०६७

सम्माननीय राष्ट्रपतिज्यू गणतन्त्र चीन भ्रमण, २०६७ सम्बन्धी केही तस्बीरहरु



中国2010年上海世博会高峰论坛
EXPO 2010 SHANGHAI CHINA SUMMIT FORUM

ठेगाना:
राष्ट्रपति भवन, शीतलनिवास, महाराजगञ्ज, काठमाडौं,
पो.व.नं. ००१, फोन : ०१-४४१७८८७
वेभसाइट : www.presidentofnepal.gov.np,
ईमेल : bulletin@presidentofnepal.gov.np